# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुड, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८३/०८४

चलानी नं.

मितिः २०८३/०७/१८

**लिखित कार्यादेश बिना कार्य नगर्ने/नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रचलित कानुन, नियमावली तथा सार्वजनिक खरिदसम्बन्धी कानुनी व्यवस्था बमोजिम सार्वजनिक खर्च तथा खरिदसम्बन्धी कार्यको कानुन बमोजिम अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराई लिखित रूपमा दिनुपर्ने कानुनी व्यवस्था रहेको छ। यस सिद्धलेक गाउँपालिकाभित्र विभिन्न समयमा कार्यालयको आधिकारिक लिखित कार्यादेश वा स्वीकृतिबेगर मौखिक निर्देशन, सन्देश वा अन्य अनौपचारिक माध्यमका आधारमा सूचना प्रकाशन, खरिद, मर्मत, आर्थिक सहयोग, योजना/कार्यक्रम कार्यान्वयन तथा अन्य निर्माणसम्बन्धी कार्य गर्ने/गराउने र पछि सो कार्य सम्पन्न भएको विवरण पेस गरी भुक्तानी दाबी गर्ने प्रवृत्तिले कार्यालयको नियमित कार्यसम्पादन तथा सेवा प्रवाहमा जटिलता सिर्जना हुन सक्ने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तसर्थ लिखित कार्यादेश वा स्वीकृति बेगर गरिएको कार्यको भुक्तानीका लागि गाउँपालिका जिम्मेवार नहुने र त्यस्तो कार्य गर्ने/गराउने व्यक्ति वा संस्थाले प्रचलित कानुनबमोजिम जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

.....
(अनिशा आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

अनिशा आचार्य
प्रमुख प्रशासकिय अधिकृत